13/3/2024

National News

<u>मुख्य समाचार:-</u>

- प्रधानमन्त्रीले सवा लाख करोड़ रुपियाँको तीनबटा सेमीकण्डक्टर परियोजनाको राख्नुभयो आधारशीला ।
- रक्षा मन्त्रीले -एन.सी.सी को विस्तार प्रस्तावलाई दिनुभयो स्वीकृती ।
- केन्द्रीय मन्त्रीमण्डलले पनि दिल्ली मेट्रोको चौथे चरणको दुई गलियारको दियो स्वीकृती ।
- हरियाणा विधानसभा सत्रमा पूर्व उपाध्यक्ष श्री फकीर चन्द अग्रवालको निधनमा अर्पण गरियो भावपूर्ण श्रद्धांजली अनि ,
- भारतीय जनता पार्टीले अरूणाचल प्रदेशमा आगामी विधानसभा चुनावलाई लिएर जारी गर्यो साठ्ठी जना उम्मीदवारको सूची।

<u>प्रधानमन्त्री सेमीकण्डक्टर</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज वीडियो conferencing का माध्यमले लगभग सवा लाख करोड़ रुपियाँको तीनबटा सेमीकण्डक्टर परियोजनाको आधारशिला राखनुभएको छ। यो परियोजना गुजरातको धोलेरा, साणन्द अनि असमको मोरीगांवमा स्थित छ। यस कदमले भारतमा सेमीकण्डक्टर अनि डिस्प्ले manufacturing इको सिस्टमको विकासमा सहयोग मिल्नेछ। भारतलाई वैश्विक सेमीकण्डक्टर उद्योगको नेतृत्व गर्नमा सक्षम बनाउनका लागि एण्ड-टू-एण्ड सेमीकण्डक्टर पारिस्थितीकी तन्त्र बनाउनका लागि भारत सरकार द्वारा भारत सेमीकण्डक्टर मिशनको स्थापना गरिएको छ । प्रधानमन्त्रीले 'इण्डियाज टेकेड' मा भाग लिनुभयो, अनि युवाहरूलाई सम्बोधन गर्नुभयो। यस पहलले देशका युवाहरूका लागि रोजगारको अवसरलाई बढ़ावा मिल्नेछ। यस कार्यक्रममा सबै केन्द्रीय विश्वविद्यालय, आई.आई.टी, एन.आई.टी, आई.आई.एम, आई.आई.एस.ई.आर, आई.आई.एस.सी अनि अन्य शीर्ष संस्थान सहित एक हजार आठ सय चौध संस्थानका छात्रहरूले भाग लिए।

राजनाथ-एनसीसी

रक्षा मन्त्री श्री राजनाथ सिंहले तीन लाख रिकतीसंग राष्ट्रीय कैडेट कोर-एन.सी.सी को विस्तारको प्रस्तावलाई स्वीकृती दिनुभएको छ। । एउटा विज्ञप्तिका अनुसार एन.सी.सी.को बढ्दो मांगलाई पूरा गर्नका लागि देशभरीको शैक्षणिक संस्थानदेखी क्याडेट्सलाई पनि शामिल गरिने आशा छ । विस्तार योजना अन्तर्गत चारवटा नयाँ समूह मुख्यालय अनि दुईबटा नयाँ एन.सी.सी इकाईको स्थापना पनि गरिनेछ। मन्त्रालयले बताएको छ, विस्तार योजनामा पूर्व सैनीकलाई एन.सी.सी प्रशिक्षकका रूपमा रोजगार दिने प्रस्ताव समावेश छ। सन उन्नाइस

सय अठचालिसमा राष्ट्रीय क्याडेट कौरमा मात्र बीस हजार कैडेट्स शामिल थिए। आज यसको संख्या बढेर बीस लाख भन्दा पनि अधिक हुँदैछ। यो विश्वको सबै बन्दा ठूलो वर्दीधारी युवा संघ हुनेछ। मंत्रालयले बताए अनुसार, राष्ट्रीय शिक्षा नीति twenty twenty अनुसार एन.सी.सी लाई एक वैकल्पीक विषयको रूपमा रखिएको छ । यो विस्तार देशको अग्रणी नेताहरूको रूपमा अहम भूमिका निभाउने अनि युवाहरूको आकाङ्क्षालाई पूरा गर्ने दिशामा एक पहल हुनेछ।

<u>मन्त्रीमण्डल</u>

केन्द्रीय मन्त्रीमण्डलले आज दिल्ली मेट्रोको चौथे चरणको दुई गलियारको स्वृकृती दिएको छ । मन्त्रीमण्डलको बैठक पछि नयाँ दिल्लीमा मीडियालाई जानकारी दिँदै सूचना अनि प्रसारण मन्त्री श्री अनुराग सिंह ठाकुरले भन्नुभयो, दुवै गलियारको कुल लागत आठ हजार चार सय करोड़ रुपियाँ हुनेछ । यसको खर्च केन्द्र सरकार, दिल्ली सरकार अनि अन्तर्राष्ट्रीय फन्डीङ्ग एजेन्सीहरूले उठाउनेछ। लाजपत नगर-साकेत जी ब्लक मेट्रो लाइन आठ दशमलव तिन किलोमीटर लामो हुनेछ अनि यसमा आठ स्टेशन हुनेछ। यो सिल्वर, मैजेन्टा, पिङ्क अनि वयलेट लाइनलाई जडिनेछ। श्री ठाकुरले भन्नुभयो, दिल्ली मेट्रोको ग्रीन लाइनको विस्तार गरेर इन्द्रलोक देखी इन्द्रप्रस्थ सम्म बाह्र किलोमीटर लामो मेट्रो लाइन बनाइने छ । उहाँले भन्नुभयो, यसमा दस स्टेशन हुनेछ अनि यो रेड, येलो, मैजेन्टा, भायोलेट , ब्लू अनि एयरपोर्ट एक्सप्रेस लाइनसंग इन्टरचेन्ज सुविधा प्रदान गरिन्छ.।

<u>हरियाणा विधानसभा-शोक संदेश</u>

हरियाणा विधानसभाको विशेष सत्रमा पूर्व उपाध्यक्ष श्री फकीर चन्द अग्रवालको निधनमा शोक प्रस्ताव प्रस्तुत गर्दै उहाँलाई भावपूर्ण श्रद्धांलजली अर्पण गरियो । सदनका नेता मुख्यमन्त्री श्री नायब सिंह सैनीले शोक प्रस्ताव पढ्नु भयो अनि दिवङ्गत नेता प्रति श्रद्धांजली अर्पण गर्नुभयो।
विधानसभा अध्यक्ष ज्ञान चंद गुप्ताले पनि शोक संदेश पढेपछि दिवंगत आत्मालाई श्रद्धांजलि अर्पण गर्नुभयो। कांग्रेस विधायक डा. रघुवीर सिंह कादियानले शोक प्रस्ताव पढेर अफ्नो पार्टीको तर्फबाट श्रद्धांजली अर्पण गर्नु भयो।

भाजपा - अरूणाचल प्रदेश

भारतीय जनता पार्टीले अरूणाचल प्रदेशमा आगामी विधानसभा चुनावलाई लिएर आज आफ्नो साठ्ठी जना उम्मीदवारको सूची जारी गरेको छ । मुख्यमन्त्री श्री पेमा खाण्डू मुक्तोले विधानसभा क्षेत्रबाट चुनाव लड्नुहुनेछ । उप मुख्यमन्त्री श्री चाउना मीनलाई चौखाम सीटदेखी मैदानमा उतारिएको छ । विधानसभा अध्यक्ष श्री पासंग दोरजी मेचुका सीटबाट चुनाव लड्नुहुनेछ जबकि पूर्व केन्द्रीय मन्त्री श्री Ninong Ering पाशीघाट पश्चिम क्षेत्रका उम्मीदवार हुनुहुन्छ ।

अरूणाचल प्रदेशमा सरकारको कार्यकाल यस वर्षको दुई जूनमा समाप्त हुँदैछ। राज्यमा लोकसभा चुनावसंगै विधानसभा चुनाव हुनेछ।

पुडुचेरी-संवाद सीईओ

Puducheri मा आकाशवाणीको क्षेत्रीय समाचार कक्षसीत मिलेर मुख्य चुनाव अधिकारीको कार्यालय अनि महिला engineering कलेजका निर्वाचक साक्षरता क्लबले संयुक्त रूपले आगामी आम चुनावमा पहिलो पल्ट मतदान गर्ने विद्यार्थीका लागि नैतिक तरीकाले मतदान जागरूकता कार्यक्रम आयोजना गरिएको छ । यस जागरूकता कार्यक्रममा मतदाताहरूलाई भोट दिने समयमा धन, जाति, धर्म आदिको प्रभावमा नपर्नका लागि जागरूक गरिएको छ । पछिलो चुनावमा अठारह देखी उनतीस वर्गका आयुको मतदानको प्रतिशत धेरै कम रहेको थियो अनि निर्वाचन आयोगले पहिलो पल्ट मतदान गर्ने युवाहरूलाई अवश्य आफ्नो मतदानको प्रयोग गर्नका लागि प्रेरित गरिरहेको छ। केन्द्रशासीत प्रदेश puducheri मा विधानसभाका तीसवटा क्षेत्रमा दस लाख बीस हजार मतदाता छन् । पछिलो दुई हजार उन्नाइसको आम चुनावमा कुल मतदानको प्रतिशत बयासी थियो अनि अब यस आगामी चुनावका लागि शत-प्रतिशत मतदान गराइने प्रयास गरिदैछ।

योग महोत्सव

आयुष मन्त्रालयका सचिव श्री वैद्य राजेश कोटेचाले आज नयाँ दिल्लीमा यस वर्षको अन्तर्राष्ट्रीय योग दिवसको एक सय दिनको उलटो गिनतीको उत्सव मनाउदै योग महोत्सव दुई हजार चौबीसको उद्घाटन गर्नुभएको छ । यस अवसरमा श्री कोटेचाले भन्नुभएको छ, पछिलो साल तेइस करोड़भन्दा अधिक मानिसले अन्तर्राष्ट्रीय योग दिवस कार्यक्रममा भाग लिएका थिए अनि यस वर्ष तीस करोड़ भन्दा अधिक मानिसले यसमा भाग लिनेछन् । उहाँले भन्नुभयो, चिकित्साको क्षेत्रमा पनि योगले महत्वपूर्ण भूमिका निभाइरहेको छ । योगलाई राष्ट्रीय चिकित्सा आयोग द्वारा एम. बी. बी .एस पाठ्यक्रममा समावेश गरिएको छ ।

श्री कोटेचाले योगको महत्व बताउदै भन्नुभयो, यसले  केवल चिकित्साको क्षेत्रमा मात्र नभएर जीवनमा पनी गुणात्मक परिवर्तन ल्याउदछ। प्रधानमन्त्री श्री मोदी अनि आयुष मन्त्रालयको अथक प्रयासले योग घर-घर सम्म पुगेको छ।

## एनएचएआई - फास्टैग उपयोगकर्ता

भारतीय राष्ट्रीय राजमार्ग प्राधिकरण-एन.एच.ए.आई ले पेटीएम फास्टैग उपयोगकर्तालाई पन्ह्र मार्च भन्दा  पहिला अर्को बैंकमा फास्टैग स्थानतरण  गर्नका लागि परामर्श जारी गरेको छ। सड़क, परिवहन  अनि राजमार्ग मन्त्रालयले बताए अनुसार यसले  राष्ट्रीय राजमार्गमा यात्रा गर्ने समय जरिमाना,  कुनै दोहोरो शुल्कबाट बाच्नमा सहायता मिल्छ। पेटीएम पेमेन्टस बैंकमा प्रतिबन्धका सम्बन्धमा भारतीय रिजर्व बैंकको दिशा निर्देशका अनुरूप, पेटीएम फास्टैग उपयोगकर्ताले पन्ह्र  मार्च पछि balance लाई रिचार्ज वा टप-अप गर्न   पाउदैनन्। निर्धारित तिथि पछि टोलको भुगतान गर्नका लागि आफ्नो भएको balance को प्रयोग  गर्न सकिनेछ।